## आर्थिक वर्ष ०८३/०८४ को

# बजेट वक्तव्य

माण्डवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८३ असार १०

माण्डवी गाउँपालिका

**गाउँ सभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्यज्यूहरू,**
**सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू,**

माण्डवी गाउँपालिकाको सम्मानित गाउँ सभाको २० औं अधिवेशनमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक तथा गाउँपालिकाको उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु । यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा जनअधिकार प्राप्तिका लागि जीवन उत्सर्ग गर्नुहुने ज्ञात–अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, माण्डवी गाउँपालिकाको विकास, समृद्धि र सामाजिक रूपान्तरणमा प्रत्यक्ष तथा अप्रत्यक्ष योगदान गर्नुहुने सम्पूर्ण माण्डवीवासी दाजुभाइ तथा दिदीबहिनीहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयन, स्थानीय स्रोतको परिचालन र **सन्तुलित आर्थिक विकास** (Balanced Economic Development) मार्फत मात्र संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, समृद्धि र समावेशी विकासको लक्ष्य हासिल गर्न सकिन्छ। सोही उद्देश्यलाई आत्मसात गर्दै माण्डवी गाउँपालिकाले जनमुखी सेवा प्रवाह, पूर्वाधार विकास, सामाजिक न्याय र आर्थिक रूपान्तरणका क्षेत्रमा निरन्तर प्रयास गर्दै आएको छ।

सीमित स्रोत साधन, न्यून आन्तरिक राजस्व क्षमता, बढ्दो जनअपेक्षा तथा विकास निर्माणका क्षेत्रमा देखिएका चुनौतीहरूलाई मध्यनजर गर्दै आगामी आर्थिक वर्षको बजेटलाई प्रभावकारी कार्यान्वयन, Result Oriented Approach (**नतिजामुखी कार्यशैली**) र प्राथमिकताका आधारमा केन्द्रित गरिएको छ। उपलब्ध स्रोतको अधिकतम सदुपयोग गर्दै गाउँपालिकाको आर्थिक आधार सुदृढ गर्ने, सेवा प्रवाहलाई सरल बनाउने र नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने दिशामा बजेट केन्द्रित गरिएको छ।

हाल विद्यमान आर्थिक तथा विकाससम्बन्धी चुनौतीहरूलाई अवसरका रूपमा रूपान्तरण गर्न सबै जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, सहकारी, नागरिक समाज तथा आम माण्डवीवासीको सहकार्य आवश्यक रहेको छ। सामूहिक प्रयास, Innovation (**नवप्रवर्तन**) र प्रभावकारी Planning **तथा** Implementation (**योजना तथा कार्यान्वयन**) बाट मात्र समृद्ध माण्डवी निर्माणको लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु ।

आर्थिक वर्ष २०८३/०८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, दीर्घकालीन विकास लक्ष्य, नेपाल सरकारको आवधिक योजना, संघीय तथा लुम्बिनी प्रदेश सरकारका नीति तथा कार्यक्रम, माण्डवी गाउँपालिकाको आवधिक योजना एवं स्थानीय आवश्यकता र सम्भावनालाई मुख्य आधार बनाइएको छ । साथै गाउँपालिकाका नागरिक, राजनीतिक दल, विज्ञ, निजी क्षेत्र, सहकारी संस्था, नागरिक समाज तथा सरोकारवालाहरूबाट प्राप्त सुझावलाई समेत समेटिएको छ।

जनताका आधारभूत आवश्यकता सम्बोधन गर्नुपर्ने दायित्व, निर्वाचनका क्रममा व्यक्त गरिएका प्रतिबद्धताको कार्यान्वयन, बढ्दो नागरिक अपेक्षा तथा सीमित आर्थिक स्रोतबीच सन्तुलन कायम गर्दै आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट यस सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गरेको छु। यो बजेट माण्डवी गाउँपालिकाको समृद्धि, आत्मनिर्भरता र दिगो विकासको आधार निर्माण गर्ने महत्वपूर्ण दस्तावेज बन्ने विश्वास लिएको छु।

जनतासँग गरिएका प्रतिबद्धता, स्थानीय आवश्यकता र गाउँपालिकाको दीर्घकालीन विकासको लक्ष्यबाट विचलित नभई पदीय जिम्मेवारीलाई जनसेवा र सार्वजनिक हितमा समर्पित गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। नागरिकलाई केन्द्रमा राखी जनमुखी, प्रभावकारी र परिणाममुखी कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गर्नु हाम्रो प्रमुख प्राथमिकता हुनेछ।

सन्तुलित, समावेशी र न्यायोचित विकासमार्फत मात्र समग्र गाउँपालिकाको आर्थिक तथा सामाजिक रूपान्तरण सम्भव हुने विश्वासका साथ कुनै पनि प्रकारको पक्षपात नगरी सबै क्षेत्र, वर्ग, समुदाय र नागरिकको आवश्यकता सम्बोधन हुने गरी वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**गाउँ सभाका अध्यक्ष महोदय,**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजित रहेको छ । संविधानले तीनै तहका सरकारलाई आफ्नो अधिकार क्षेत्रभित्र रही राज्य शक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ । नेपालको संविधानको अनुसूची–८ मा स्थानीय तहका एकल अधिकारहरू उल्लेख गरिएको छ भने सो अधिकारको प्रयोग संविधान, प्रचलित कानुन तथा गाउँ सभाबाट निर्मित कानुन बमोजिम हुने व्यवस्था रहेको छ । स्थानीय तहलाई प्राप्त आर्थिक अधिकार अन्तर्गत कानुन निर्माण, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा, स्रोत परिचालन र कार्यान्वयन गर्ने जिम्मेवारी रहेको छ । यसै संवैधानिक दायित्वलाई आत्मसात गर्दै स्थानीय स्तरमा पहिचान भएका आवश्यकता र सम्भावनाका आधारमा आयोजना छनोट गरी प्रभावकारी कार्यान्वयन गर्ने तथा उपलब्ध उपलब्धिहरूको न्यायोचित वितरणमार्फत

सामाजिक न्याय र समानता कायम गर्ने दिशामा गाउँपालिका अग्रसर रहनेछ। आर्थिक स्रोतको उचित परिचालन, समावेशी विकास, सामाजिक न्याय र समान अवसरमा आधारित स्थानीय अर्थतन्त्र निर्माण गर्दै गरिबी न्यूनीकरण, रोजगारी सिर्जना र असमानताको अन्त्यतर्फ गाउँपालिकाका कार्यक्रमहरू केन्द्रित गरिनेछन्। आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाले आन्तरिक राजस्वतर्फ रु १ करोड १४ लाख ५७ हजार २ सय ७ संकलन गर्ने लक्ष्य लिएकोमा हाल सम्म ८८ लाख ०५ हजार ६ सय ३९ उठेको छ। विभिन्न आर्थिक तथा प्रशासनिक कारणले लक्ष्यअनुसार आन्तरिक आम्दानी संकलन हुन चुनौती देखिएको छ। बजेट कार्यान्वयनको अवस्थालाई हेर्दा संघीय सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गतका अधिकांश कार्यक्रमहरू कार्यान्वयनको प्रक्रियामा रहेका छन् भने वित्तीय समानीकरण र राजस्व बाँडफाँडबाट प्राप्त चालु तथा पुँजीगत बजेटको खर्च प्रगति क्रमशः अगाडी बढिरहेको छ।

### उद्देश्यहरू

सीमित स्रोत साधनको प्रभावकारी, मितव्ययी र परिणाममुखी परिचालन गर्दै उपलब्ध प्राकृतिक, आर्थिक, सामाजिक तथा मानवीय सम्भावनाहरूको उच्चतम उपयोगमार्फत गाउँपालिकाको समग्र विकास, आर्थिक समृद्धि, सामाजिक रूपान्तरण र नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने उद्देश्यका साथ आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ। यस नीति तथा कार्यक्रमले "समृद्ध गाउँपालिका, सुखी र आत्मनिर्भर नागरिक" को दीर्घकालीन सोचलाई आत्मसात गर्दै उत्पादन, पूर्वाधार विकास, सामाजिक न्याय र सुशासनलाई केन्द्रमा राखेको छ। बजेटका प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

- **स्थानीय स्रोत, साधन, सीप, प्रविधि तथा सम्भावनाहरूको दिगो परिचालन गर्दै** कृषि, पर्यटन, लघु तथा घरेलु उद्योग र स्थानीय उद्यमशीलताको प्रवर्द्धन गर्ने, निजी क्षेत्र, सहकारी तथा अन्य सरोकारवाला निकायसँग सहकार्य विस्तार गरी **रोजगारी तथा स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने।**
- **समावेशी, न्यायपूर्ण र समतामूलक विकासको अवधारणालाई आत्मसात गर्दै** सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न तथा पिछडिएका वर्गको संरक्षण, सशक्तीकरण र सहभागिता सुनिश्चित गर्ने।
- **सार्वजनिक सेवा प्रवाहलाई नागरिकको अपेक्षा अनुरूप छिटो, छरितो, प्रभावकारी, गुणस्तरीय, पारदर्शी र उत्तरदायी बनाउँदै** संस्थागत क्षमता विकास, डिजिटल सेवा विस्तार तथा सुशासनको प्रवर्द्धन गर्ने।

- **उत्पादन वृद्धि, आर्थिक गतिविधि विस्तार र दीगो विकासलाई टेवा पुग्ने गरी** आवश्यकता, प्राथमिकता र प्रतिफलका आधारमा गुणस्तरीय भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारमा लगानी विस्तार गर्ने ।
- **शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, पोषण, सामाजिक विकास तथा मानव पूँजी निर्माणका क्षेत्रमा गुणात्मक सुधार गर्दै** स्वस्थ, शिक्षित, सक्षम र आत्मनिर्भर नागरिक निर्माणलाई उच्च प्राथमिकता दिने ।
- **जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा वातावरण संरक्षणलाई विकास प्रक्रियासँग जोड्दै** सुरक्षित, स्वच्छ, हरित र दीगो गाउँपालिकाको अवधारणा कार्यान्वयन गर्ने ।
- योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्दै स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी बजेट विनियोजन र कार्यान्वयन गर्ने ।

**आर्थिक वर्ष २०८३/०८४ को बजेटका प्राथमिकताहरू**

**बजेटको उद्देश्यहरु परिपुर्ति गर्न देहायका विषयहरुलाई प्राथमिकता दिईएको छ ।**

- कृषि तथा पशुपालन क्षेत्रलाई गाउँपालिकाको आर्थिक विकासको प्रमुख आधारका रूपमा विकास गर्दै कृषि प्रणालीको विविधीकरण, आधुनिकीकरण, व्यवसायीकरण तथा प्रविधिमैत्री उत्पादन प्रणालीको अवलम्बन गरिनेछ। कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गरी आयआर्जनका अवसर विस्तार गर्ने, युवाहरूलाई कृषि उद्यम तथा पशुपालन व्यवसायमा आकर्षित गर्ने र स्थानीय स्तरमै रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- सुरक्षित, गुणस्तरीय र दिगो पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै सडक सञ्जालको विस्तार तथा स्तरोन्नति, व्यवस्थित बस्ती विकास, सुरक्षित आवास तथा भवन निर्माण, सिँचाइ संरचनाको पुनर्निर्माण एवं विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ। प्रत्येक वडामा खेलकुद पूर्वाधार विकासको आधार तयार गर्दै निर्माणाधीन तथा अधुरा ठूला पूर्वाधार आयोजनाहरूलाई आवश्यक स्रोत व्यवस्थापन गरी प्राथमिकताका साथ सम्पन्न गरिनेछ।
- सामाजिक न्याय, समानता र समावेशी विकासको अवधारणालाई आत्मसात गर्दै महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा पछाडि परेका वर्ग र समुदायको जीवनस्तर सुधारमा प्रत्यक्ष योगदान पुग्ने लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

माण्डवी गाउँपालिका

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण )GESI) को मूल मर्म अनुरूप विकास प्रक्रियामा सबै वर्ग, समुदाय र क्षेत्रको समान पहुँच, सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्दै समतामूलक समाज निर्माणतर्फ विशेष पहल गरिनेछ।
- वातावरणीय सन्तुलन, जलवायु अनुकूलन तथा दीगो विकासका सिद्धान्तलाई केन्द्रमा राख्दै प्राकृतिक स्रोतको संरक्षण, वातावरणमैत्री विकास अभ्यास, हरित पूर्वाधार निर्माण तथा प्राकृतिक सम्पदाको दिगो उपयोगमा जोड दिइनेछ।
- गाउँपालिकाभित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र प्रचारप्रसार गर्दै धार्मिक, सांस्कृतिक, साहसिक तथा मनोरञ्जनात्मक पर्यटनको सम्भावनालाई उजागर गरी स्थानीय पर्यटन प्रवर्द्धनमार्फत आर्थिक गतिविधि विस्तार गरिनेछ।
- संस्थागत सुशासन, प्रशासनिक सुधार तथा सेवा प्रवाह प्रणालीलाई सुदृढ गर्दै गाउँपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवाहरूलाई सरल, सहज, पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाइनेछ। कर्मचारी क्षमता विकास, अनुगमन प्रणाली सुदृढीकरण तथा संस्थागत उत्तरदायित्व अभिवृद्धिमा जोड दिइनेछ।
- वन, जैविक विविधता, जलाधार क्षेत्र तथा वातावरण संरक्षणलाई प्राथमिकतामा राख्दै वन संरक्षण, वृक्षारोपण, भूसंरक्षण–, जलस्रोत तथा खानेपानीका मुहान संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ। यसमार्फत वातावरणीय सन्तुलन कायम गर्दै दीगो विकासको लक्ष्य हासिल गर्न योगदान पुऱ्याइनेछ।
- सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोगमार्फत डिजिटल सुशासन प्रवर्द्धन गर्दै सेवा प्रवाहलाई प्रविधिमैत्री, छिटो र प्रभावकारी बनाइनेछ। कृत्रिम बौद्धिकता )Artificial Intelligence–AI), डिजिटल प्रणाली तथा नवप्रवर्तनका माध्यमबाट गाउँपालिकाका प्रशासनिक तथा विकास व्यवस्थापन प्रक्रियालाई आधुनिक र प्रभावकारी बनाउने पहल गरिनेछ ।

**आ.व. ०८३।०८४ को वार्षिक बजेट तथा कार्यकम तर्जुमा गर्दा निम्न विषयहरुलाई आधार लिईएको छ, ।**

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन, २०७४
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
५. नेपाल सरकारको आवधिक विकास योजना
६. गाउँपालिकामा उपलब्ध स्रोत साधन

७. विकासका अन्तरसम्बन्धित विषयहरु
८. गाउँपालिकाको विकासको विधमान अवस्था र मानव विकासको सुचकाङ्क
९. स्थानीय जनताका आकांक्षा र आवश्यकता
१०. गाउँपालिकाको आवधिक योजना
११.संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन,
१२. संघीय तथा प्रदेशका नीति तथा  कार्यक्रम तथा वार्षिक वजेट।

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन बमोजिम संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सीमा, स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त सीमा तथा मार्गदर्शन, बस्ती तथा वडा तहबाट छनौट एवं प्राथमिकता निर्धारण भएका योजना तथा कार्यक्रम र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसका आधारमा आयोजनाहरुको प्राथमिकीकरण गरिएको छ। यसरी गाउँ कार्यपालिकाबाट स्वीकृत आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम आज यस सम्मानित गाउँसभाको बैठकमा प्रस्तुत गर्न उपस्थित भएको छु।

अब उल्लिखित विकासका विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्रहरुमा प्रस्तावित प्रमुख कार्यक्रम तथा आयोजनाहरु र सोका लागि विनियोजन गरिएको प्रस्तावित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**सभा अध्यक्ष ज्यू,**
अब म आर्थिक वर्ष २०८३/०८४ मा गाउँपालिकाभित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको बजेट प्रस्ताव गर्न अनुमति चाहान्छु । आर्थिक वर्ष २०८३/०८४ मा गाउँपालिकाको सार्वजनिक सेवा र विकास निर्माण कार्यहरूका लागि ४४ **करोड ५१ लाख ४० हजार १ सय ३० रुपैयाँ बजेट विनियोजनको प्रस्ताव गर्दछु।**
१) अव यिनै उद्देश्य ,प्राथमिकता र नीतिको परिधिमा रही आर्थिक वर्ष २०८३।०८४ को बजेट र मुख्य कार्यक्रमका बारेमा म यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहान्छु। सर्वप्रथम विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना प्रस्तुत गर्दछु। **आगामी आर्थिक बर्षका लागि कूल रकम** लागि ४४ **करोड ५१ लाख ४० हजार १ सय ३० रुरुपैयाँ रुपैयाँ विनियोजन गरेको छु।** जस मध्ये संघीय सरकारबाट वित्तीय समानीकरणमा रु. ७ करोड ९० लाख, सशर्त अनुदान चालु तर्फ रु. १७ करोड १६ लाख  तथा शसर्त अनुदान पुँजीगत तर्फ रु ५० लाख प्राप्त हुन आएको छ। संघीय सरकारको राजश्व बाँडफाँडबाट रु. ८ करोड १० लाख प्राप्त भएको छ। संघीय सरकारबाट विशेष अनुदान तर्फ रु १ करोड तथा समपुरक अनुदान तर्फ रु १ करोड ७० लाख प्राप्त भएको छ। प्रदेश सरकारबाट वित्तीय समानीकरणमा रु.५१ लाख ०१ हजार तथा सशर्त अनुदान चालु  तर्फ रु. ८० लाख, समपुरक अनुदानतर्फ ७५ लाख र विशेष अनुदान २२ लाख प्राप्त हुने

अनुमान गरेको छु । प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु. ८९ लाख ३० हजार प्राप्त हुन आएको छ । माण्डवी गाउँपालिकाको आन्तरिक आयतर्फ आ.व. २०८३/०८४ मा रु १ करोड १५ लाख उठ्ने अनुमान गरेको छु । यस आ.व.को अनुमानित अल्या. रकम रु ३ करोड ९९ लाख ६४ हजार २ सय ४२ रुपैयाँलाई समतेलाई यो बजेटमा समावेश गरेको छु ।

नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गत कुल **रु. १७ करोड १६ लाख** बजेट प्राप्त भएको छ । उक्त बजेट संघीय तथा प्रदेश सरकारबाट निर्धारित कार्यक्रम, क्षेत्र तथा शीर्षक अनुसार नै विनियोजन भई आएको हुँदा तोकिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित हुने गरी खर्च व्यवस्थापन गरिनेछ ।

संघीय सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गत **शिक्षा क्षेत्रको विकासका लागि** साविकदेखि सञ्चालनमा रहेका सबैका लागि शिक्षा कार्यक्रम, आधारभूत तहका शिक्षक तथा माध्यमिक तहका शिक्षकहरूको तलब भत्ता, विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतका क्रियाकलापहरू तथा विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

त्यसैगरी **स्वास्थ्य क्षेत्रको सुदृढीकरणका लागि** प्राथमिक स्वास्थ्य सेवा सञ्चालन, स्वास्थ्य संस्थाहरूको व्यवस्थापन तथा सञ्चालन खर्च, स्वास्थ्यकर्मीहरूको तलब भत्ता, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम लगायतका जनस्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्न बजेट विनियोजन गरिएको छ ।

**कृषि तथा पशु विकास क्षेत्रको प्रवर्द्धनका लागि** कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम, कृषि उत्पादन वृद्धि, पशु सेवा विस्तार तथा उत्पादनमुखी कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

यसका अतिरिक्त **बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनका लागि रु. १७ लाख, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) का लागि रु. १० लाख, झोलुङ्गे पुल निर्माणका लागि रु. २० लाख, प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रु. २२ लाख** तथा **व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन (पञ्जीकरण) शाखाका लागि रु. ७ लाख** बजेट प्राप्त भएको छ । प्राप्त बजेटलाई स्वीकृत कार्यक्रम तथा कार्ययोजना बमोजिम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

त्यसैगरी **प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गत विभिन्न आयोजना तथा कार्यक्रम सञ्चालनका लागि रु. ८० लाख** बजेट प्राप्त भएको छ । उक्त रकम सम्बन्धित आयोजना तथा शीर्षकमा विनियोजन गरी तोकिएको उद्देश्यअनुरूप कार्यान्वयन गरिनेछ । सशर्त अनुदानबाट प्राप्त बजेटलाई सम्बन्धित क्षेत्रको सेवा प्रवाह सुधार, संस्थागत क्षमता अभिवृद्धि तथा नागरिकको प्रत्यक्ष लाभ सुनिश्चित हुने गरी पारदर्शी, प्रभावकारी र परिणाममुखी ढंगबाट परिचालन गरिनेछ ।

**१. आर्थिक विकासः**

कृषि, पर्यटन, सहकारी,उद्योग क्षेत्रका समग्र विकासले मात्र दीगो, सन्तुलित समावेशी विकास सम्भव छ। आर्थिक विकासका क्षेत्रमा प्राथमिकताका साथ बजेट विनियोजन गरेको छु।

**कृषिः**

कृषि क्षेत्र गाउँपालिकाको रोजगारी र आयको महत्वपुर्ण क्षेत्र हो। कृषिको व्यबसायिकरण,यान्त्रीकरण र विविधिकरण विना कृषि उत्पादन र उत्पादकत्व बृद्धि हुन सक्दैन। कृषिमा आधुनिक औजारहरुको प्रयोग,विउ,मल र सिँचाइको प्रबन्ध राम्रो हुनुपर्दछ। उत्पादित कृषि उपजको सहज र सरल ढंगले कृषकको लागत मुल्य र श्रम नघट्ने गरि वजारीकरणको व्यबस्था हुनु पर्दछ। कृषकहरुले सामुहिक खेति प्रणालीलाई अवलम्बन गर्ने वाताबरण स्थानीय सरकारले तयार गरि दिनुपर्दछ। यसै सन्दर्भमा आव. २०८३।०८४ मा गाउँपालिकाले कृषि क्षेत्रका लागि अनुमानित रु ३५ लाख ५० हजार विनियोजन गरेको छु। कृषि क्षेत्रमा **कृषिजन्य बिषादी खरिद कार्यक्रम, तरकारी खेति प्रवर्धन कार्यक्रम** लगायतका कार्यक्रमका लागि आवश्यक वजेट बिनियोजन गरेको छु।

**पशु विकासः**

माण्डवी गाउँपालिकामा बाख्रापालन, भैँसीपालन, बंगुरपालन तथा कुखुरापालनको क्षेत्रमा प्रशस्त सम्भावना रहेको तथ्यलाई आत्मसात गर्दै पशुपालन व्यवसायलाई आयआर्जन, रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्र सुदृढीकरणको महत्वपूर्ण आधारका रूपमा विकास गरिनेछ।

पशुपालन क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण तथा उत्पादन वृद्धिका लागि **पशुपन्छी जन्य औषधि खरिद, पशुहरुमा गरिने कृत्रिम गर्भधानको लागि आवश्यक सामाग्री (Semen,कृत्रिम गर्भधान कार्य nitrogen तथा आवश्यक अन्य सामग्री) खरिद, रेविज विरुद्धको शिविर सञ्चालन**लगायतका कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

पशु स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन पशु उपचार सेवा विस्तार, पशुमा लाग्ने संक्रामक तथा अन्य रोगहरूको रोकथाम, आवश्यक औषधि तथा पशु स्वास्थ्य सामग्रीको सहज उपलब्धता सुनिश्चित गर्न **एकमुष्ट रु. १७ लाख ५० हजार** बजेट विनियोजन गरेको छु।

पशुपालन व्यवसायमा संलग्न किसानहरूको लगानी सुरक्षा तथा जोखिम न्यूनीकरण गर्दै प्राकृतिक प्रकोप, रोग तथा अन्य कारणबाट हुने पशु क्षतिबाट किसानलाई संरक्षण प्रदान गर्न **पशु बीमा कार्यक्रमलाई प्रोत्साहन तथा विस्तार गरिनेछ।**

यसबाट स्थानीय स्तरमा पशुजन्य उत्पादन वृद्धि, किसानको आयस्तर सुधार, स्वरोजगारी सिर्जना तथा आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माणमा योगदान पुग्ने विश्वास लिएको छु।

## २. सामाजिक विकासः

सामाजिक विकास समृद्ध र समतामूलक समाज निर्माणको आधारस्तम्भ भएकाले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, खेलकुद तथा मनोरञ्जन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लगायतका सामाजिक विकासका प्रमुख आयामहरूलाई उच्च प्राथमिकतामा राखी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा, स्वच्छ खानेपानी तथा स्वस्थ जीवनशैली प्रवर्द्धन, सामाजिक चेतना अभिवृद्धि, सांस्कृतिक सम्पदाको संरक्षण, खेलकुद क्षेत्रको विकास तथा सबै वर्ग र समुदायको समान सहभागिता सुनिश्चित गर्ने उद्देश्यका साथ लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

समावेशी विकासको अवधारणालाई आत्मसात गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न तथा पछाडि परेका समुदायको सशक्तीकरण र सामाजिक संरक्षणका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

यसबाट नागरिकको जीवनस्तरमा सुधार ल्याउँदै सामाजिक न्याय, समानता, सद्भाव र मानव विकासका सूचकहरूमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरेको छु ।

**शिक्षाः**

- गाउँपालिकामा भएका आधारभुत विद्यालय सम्मको शिक्षालाई पुर्ण रुपमा निशुल्क वनाउने गाउँपालिकाको नीति गाउँपालिकाले राखेका शिक्षकको तलव सुविधाका लागि विद्यालयलाई शैक्षिक संस्था गुणस्तर तथा सुदृढीकरण अनुदान रु २ करोड ३० लाख रकम छुट्टाएको छु । शैक्षिक गुणस्तर सुधार, शिक्षकहरुको क्षमता अभिवृद्धि, प्रविधिमैत्री विद्यालय स्थापना, विद्यालय प्र .अ.प्रोत्साहान भत्ता, स्थानीय पाठ्य सन्दर्भ साम्रगी कक्षा १सम्म निर्माण ८), छपाई तथा वितरण, विद्यालय अतिरिक्त क्रियाकलाप संचालन, विद्यालय परिक्षा शुल्क अनुदान,शैक्षिक क्यालेण्डर तथा शिक्षक डायरी प्रकाशन लगायतका कार्यका लागि बजेट सुनिश्चित गरेको छु । विद्यालयमा अध्ययन गरिरहेका आर्थिक श्रोत साधन न्युन भएका, पढाइलाई समेत निरन्तरता दिन नसक्ने विद्यार्थीलाई विद्यालयमै आयआर्जन गर्ने गरि पढ्दै कमाउदै भन्ने मान्यताका साथ आयआर्जन गर्ने गरि आर्थिक सहायता दिइने व्यवस्था गरेको छु ।

**स्वास्थ्यः**

१. स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउनका लागि संघीय सरकारबाट प्राप्त शर्सत अनुदान रकमलाई सोहि शिर्षकहरुमा खर्च गर्ने तथा वित्तिय समानिकरण अनुदान शिर्षकबाट प्राप्त रकमबाट समेत औषधि खरिद, बर्थिङ सेन्टर सुदृढिकरण, महिला स्वास्थ्य स्वंयम सेविकालाई प्रोत्साहन रकम, मोबाईल हेल्थ कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, संस्थागत सुत्केरी टेवा

कार्यक्रम,आरोग्य स्वास्थ्य केन्द्रको सुदृढिकरण,स्वास्थ्य संस्थामा सुत्केरी हुने गर्भवती र जेष्ठ नागरिकलाई उपचारमा निशुल्क एम्बुलेन्स सेवा ,जेष्ठ नागरीक आँखा जाँच लगायतका कार्यक्रमका लागि एकमुष्ट रु. ८३ लाख विनियोजन गरेको छु । फेमिली हेल्थ प्रोफाइल (Family Health Profile) निर्माणका लागि रु ५ लाख, सम्पूर्ण स्वास्थ्य संस्थाहरुका लागि औषधि खरिद लागि १५ लाख विनियोजन गरेको छु ।

**खानेपानीः**

१. खानेपानीको चरम अभाव रहेका माण्डवी गाउँपालिकाका विभिन्न बस्तीहरूमा सुरक्षित, पर्याप्त र दिगो खानेपानी आपूर्तिको सुनिश्चितताका लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी खानेपानी आयोजना विस्तार तथा सुदृढीकरण गरिनेछ । पानीको उपलब्धता तथा स्थानीय स्रोतको सम्भाव्यताको आधारमा कार्यक्रमलाई क्रमश ”एक घर एक धारा“: विस्तार गर्दै स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गरिनेछ । साथै, अधुरा तथा निर्माणाधीन खानेपानी आयोजनाहरूलाई प्राथमिकताका साथ सम्पन्न गर्ने नीति लिइनेछ । यसै सन्दर्भमा स्याउलीघारी खानेपानी योजना तथा उपल्लो सिमलचौर खानेपानी योजना क्रमसः लागि **रु .३ लाख** र १० लाख बजेट विनियोजन गरेको छु । यसबाट नागरिकलाई सुरक्षित, स्वच्छ र दिगो खानेपानी सेवा उपलब्ध गराई जनस्वास्थ्य सुधारमा टेवा पुग्ने अपेक्षा लिएको छु ।

२. यस गाउँपालिकामा संचालित लिफ्ट खानेपानीका आयोजनाबाट खानेपानी खाइरहेका नागरिकले विद्युत महशुल अत्याधिक तिर्नु परेको छ त्यसलाई राहत दिनका लागि लिफ्ट खानेपानीको न्युनतम महशुल गाउँपालिकाले तिर्ने गरी वजेटको व्यवस्थालाई निरन्तरता दिएको छु । खानेपानीको गुणस्तर परीक्षण गर्ने, खानेपानीको मुहान संरक्षण गर्नका लागि आवश्यक रकम व्यवस्था गरेको छु ।

३. प्रदेश र संघीय सरकारबाट संचालित खानेपानीका आयोजनाको नियमित अनुगमन गरि समयमै कार्यसम्पन्न गर्नलाई निर्देशन दिइनेछ ।

**महिला, वालवालिका तथा अपाङ्गः**

१. सामाजिक न्याय र समावेशीकरणलाई उच्च प्राथमिकतामा राख्दै विपन्न, पछाडि परेका तथा जोखिममा रहेका समुदाय, विशेषगरी महिलाहरूलाई सामाजिक, आर्थिक तथा निर्णय प्रक्रियाको मूलधारमा समाहित गर्न विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ । महिलाहरूको सशक्तीकरणका लागि सीप तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिने छ । साथै बालविवाह न्यूनीकरण, बाल सञ्जाल तथा बाल क्लब गठन, विद्यालय जाने अपाङ्गता भएका तथा असहाय विद्यार्थीहरूलाई शैक्षिक सहायता प्रदान गर्ने, दृष्टिविहीन बालबालिकाहरूको अध्ययनअध्यापनलाई निशुल्क तथा सहज बनाउने व्यवस्था मिलाइ–नेछ । ज्येष्ठ नागरिकहरूको

सम्मान, अनु भव आदानप्रदान तथा सामाजिक सहभागिता अभिवृद्धिका लागि ज्येष्ठ नागरिक मञ्च गठन तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ । साथै विद्यालयहरूमा ज्येष्ठ नागरिकको अनुभव र ज्ञान हस्तान्तरण कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

२. ज्येष्ठ नागरिकहरूको स्वास्थ्य सुरक्षाका लागि निशुल्क आँखा जाँच तथा उपचार कार्यक्रम, दीर्घरोगी सहायता कोष सञ्चालन, महिला आश्रय सेवा केन्द्र व्यवस्थापन तथा सुदृढीकरण, न्यायिक समितिको क्षमता विकास तथा दलित लक्षित विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३. उक्त सामाजिक न्याय तथा समावेशीकरणसम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि करिब **रु .१५ लाख** बजेट विनियोजन गरेको छु ।

४. जिल्ला शान्ति समितिबाट प्रमाणित जनयुद्ध तथा लोकतन्त्र प्राप्तिका लागि शहिद भएका परिवारलाई मासिक रु २००० भत्ता दिइने कार्यलाई निरन्तरता दिईनेछ । घाइतेलाई जीविकोपार्जनका लागि शिप विकास तालिम सञ्चालन गर्न आवश्यक रकम छुट्टाएको छु ।

५. सामाजिक न्याय र समानता विनाको विकास दिगो हुँदैन । गाउँपालिकाको पछाडी परेको वर्ग समुदाय लक्षित कार्यक्रम संचालनका लागि गाउँपालिकामा पछाडी परेका दलितहरुलाई लक्षित कार्यक्रम संचालन आवश्यक बजेट छुट्याएको छु ।

**४. पुर्वाधार विकासः**

भौतिक पूर्वाधार विकास विना अन्य सामाजिक तथा आर्थिक क्षेत्रहरूको दिगो विकास सम्भव नहुने वास्तविकतालाई मध्यनजर गर्दै माण्डवी गाउँपालिकाको समग्र विकासलाई गति दिन पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राखिएको छ । यस अन्तर्गत सडक सञ्जालको विस्तार तथा स्तरोन्नति, सिँचाइ प्रणालीको विकास तथा सुधार, सार्वजनिक भवन तथा संरचनाहरूको निर्माण एवं शहरी तथा बस्ती विकासका कार्यक्रमहरूलाई समेटी आवश्यक स्रोत साधनको व्यवस्था गरिएको छ । उक्त पूर्वाधार विकासका उपक्षेत्रहरूमा योजनाबद्ध, गुणस्तरीय र दिगो विकास सुनिश्चित हुने गरी आवश्यक बजेट विनियोजन गरेको छु

**सडकः**

१. संघीय समपुरक योजना अन्तर्ग नयाँगाउँ आपचौर उदयपुरकोट जोड्ने बाटो स्तरोन्नती आयोजना र माण्डवी बहुउद्देश्यीय सभाहल निर्माण योजना (१००० क्षमता) लागि समपुरक योजनाका लागि १ करोड ७० लाख र प्रदेश समपुरक योजना अन्तर्गत आपचौर धनचौर उदयपुरकोट सडक स्तरोन्नतीका लागि ७५ लाख आएकोमा गाउँपालिकाबाट संघीय र प्रदेश समपुरक लागि एकमुष्ट १ करोड ८९ लाख विनियोजन गरेको छु ।

माण्डवी गाउँपालिका

२. संघीय सरकारबाट विशेष योजना तर्फ बागिश्वरी मा वि मा घेरावार अपाङ्ग मैत्री शौचालय निर्माण तथा व्यवस्थापन योजनाका लागि रु १ करोड प्राप्त भएको छ। त्यस्तै प्रदेश सरकार विशेष अनुदान अन्तर्गत यज्ञश्वरी आधारभूत विद्यालय ४ कोठे भवन निर्माण योजना माण्डवी ४ को लागि  आयोजनाको लागि रु २२ लाख प्राप्त भएको छ।

३. प्रदेश अनुदान सशर्त अनुदान तर्फ निम्न योजनाहरु परेको छन। ति योजनाहरु यसै वर्ष सम्पन्न गरिनेछ।

| क्र स | योजना/ कार्यक्रमको नाम | वजेट रकम | |
|---|---|---|---|
| १ | बाल विवाह न्युनिकरणका सम्वन्धमा प्रदेशव्यापी अभियान सञ्चालन माण्डवी गा पा प्युठान | १० लाख | |
| २ | सिमलचौर कुमलटारका महिलाहरुका लागि वाद्यवाधन तालिम तथा सामग्री खरिद माण्डवी १ | ५ लाख | |
| ३ | कुसुन्डे खोला मुखचौर सिँचाई कुलो निर्माण माण्डवी गा पा ४ | ८ लाख ५० हजार | |
| ४ | खुक्लीखोलामा पक्की पुलको डि पि आर काभ्रे हुँदै ढोडखोला जाने मो बा माण्डवी २ | ८ लाख ५० हजार | |
| ५ | खुक्लीखोला बगुवा सिँचाई कुलो बाल्लो गोगनपानी सिँचाई पोखरी योजना माण्डवी २ | ८ लाख ५० हजार | |
| ६ | चकचके ज्योती प्रा वि मुनी तटवन्धन कृषि सडक मर्मत माण्डवी गा पा ५ | ८ लाख ५० हजार | |
| ७ | तिराम १ र सरुमारानी ६ जोड्ने सडक माण्डवी १ | ९ लाख | |
| ८ | बुकेडाँडाँ बागेश्वरी तिग्रा जाने मो बा स्तरोन्नती माण्डवी ५ | ८ लाख ५० हजार | |
| ९ | सल्लीवी खा पा आयोजना माण्डवी ३ | ८ लाख ५० हजार | |
| १० | एक घर एक करेसावारी कार्यक्रम | ५ लाख | |

४. गाउपालिकाका सडकहरु सरसफाइको लागि रु ३० लाख बजेट विनियोजन गरेको छु।

**भवन तथा शहरी विकासः**

- कुमलटार कोन्द्राचौर मोटरबाटो कालोपत्रे योजना १ करोड, चेरनेटा चीन मोटरबाटो कालोपत्रे योजना ३० लाख, स्याउलीघारी सल्लीखर्क मोटरबाटो स्तरोन्नती योजनाका लागि २० लाख लगायतका योजनाहरुमा आवश्यक वजेट विनियोजन गरेको छु ।

**पर्यटनः**

१. थानकोट पर्यटकीय क्षेत्र, विरेलेख पर्यटकीय क्षेत्र,बाघपाइला, छयाकुरे छहरा झरना, र मार्सिबाङ हिल पार्क तथा पिकनिक स्पोर्ट पर्यटकिय क्षेत्रको विकासका लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक श्रोतको व्यबस्था गर्दै लगिनेछ । उदयपुरकोट दरवारको राष्ट्रियस्तर ईतिहास विषयक वृहत गोष्ठी कार्यक्रमका लागि ८ लाख बिनियोजन गरेको छु ।

**उर्जा विकासः**

१. माण्डवी गाउँबासिले मासिक रुपमा तिर्नु पर्ने विद्युत महुशुलको न्युनतम २० युनिटसम्म मात्र खपत गर्ने ग्राहकको विद्युत महशुल गाउँपालिकाले छुट दिने गाउँपालिकाको नीति तथा कार्यक्रम भएकाले त्यसका लागि लाग्ने अनुमानित रकम रु १५ लाख विनियोजन गरेको छु ।

**४. वन वातावरण तथा विपत व्यवस्थापनः**

सामुदायिक वनहरुसँग अन्तरक्रिया, वन तथा भू संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण,सामुदायिक वनमा पर्यापर्यटन पर्वद्धनमा ध्यान दिइनेछ । जनसंख्याको बढ्दो चाप र अव्यवस्थित सहरीकरणबाट उत्पन्न भएको फोहोरमैला व्यवस्थापनका लागि गाउँपालिकाको ट्याक्टर तयारी अबस्थामा राखिने छ । माण्डवी गाउँपालिकामा आउन सक्ने प्रकोप तथा बिपद्हरुलाई समेत ध्यानमा राखी विपद् व्यबस्थापन कोषका लागि एकमुष्ट रकम रु १५ लाख विनियोजन गरेको छु । फोहोर मैला व्यवस्थापन र डम्पिङ साईट व्यवस्थापनका लागि आवश्यक वजेट बिनियोजन गरेको छु ।

**५. सुशासन, संस्थागत विकास तथा सेवा प्रवाहः**

१. सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीहरुलाई कुनै प्रकारको विभेद नगरी उच्च प्राथमिकता दिई सेवा प्रवाह गरिनेछ । कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुणस्तरीयता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, आर्थिक पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

२. सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउँदै गुणस्तरीय र भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ। कर्मचारी तथा पदाधिकारीको क्षमता विकासको लागि आवश्यक तालिम तथा प्रविधिको व्यवस्थापन र कर्मचारी प्रोत्साहन तथा पुरस्कार लागि रकम विनियोजन गरेको छु।
३. सुचना तथा संचार प्रविधि व्यवस्थापन, पत्रपत्रिका छपाई र सूचना प्रकाशन र प्रशारण, अभिलेख व्यवस्थापन, पञ्जिकरण व्यवस्थापन, मानव संसाधन विकासका लागि आवश्यक पर्ने रकमका विनियोजन गरेको छु।

**पदाधिकारी तथा कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमाः**

१. यस गाउँपालिका अन्तर्गत अस्थायी, करार सेवा र सेवा करारमा कार्यरत सामाजिक सुरक्षा कार्यक्रममा समेत समावेश गरी कर्मचारीहरुलाई निरन्तरता दिइएको छ। गाउँपालिकाको समग्र सुरक्षा व्यवस्थालाई मध्यनजर गर्दै गाउँ प्रहरीलाई निरन्तरता दिइनेछ। गाउँपालिकालाई सूचना प्रविधि मैत्रि वनाउन सक्षम जनशक्तिको निरन्तरताका लागि सुचना प्रविधि अधिकृतलाइ गाउँपालिकाले समपुरक रकमको सुनिश्चित गरि करार निरन्तरता दिइनेछ । एम.आइ.एस अपरेटरका लागि ६ महिना बराबरको रकम गाउँपालिकाबाट व्यहोर्ने गरी रकमको सुनिश्चितता गरेको छु । रोजगार सहायकलाई गाउँपालिकाबाट तलव भत्ता व्यहोर्ने गरी श्रोत सुनिश्चित गरेको छु।
२. माण्डवी गाउँपालिकाका गाउँ कार्यपालिका, गाउँ सभा तथा वडा समितिका पदाधिकारीहरुका लागि सेवा र सुविधा प्रदेश कानुन वमोजिम प्राप्त हुने गरी आन्तरिक श्रोतको उपलब्धता समेतलाई ध्यान दिदै आवश्यक वजेटको व्यवस्था मिलाएको छु।
३. "गाउँपालिकामा कार्यरत अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरूको श्रमको उचित मूल्यांकन गर्दै प्रचलित कानुन र सरकारी मापदण्डअनुसार न्यूनतम पारिश्रमिक कायम गरिनेछ। गाउँपालिकामा कार्यरत अस्थायी तथा करार सेवाका कर्मचारीहरूको मनोबल अभिवृद्धि गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउन हालको तलबमानमा १० प्रतिशतले वृद्धि गर्ने व्यवस्था मिलाइनेछ। यसबाट कर्मचारीहरूको कार्यसम्पादनमा प्रोत्साहन मिल्नुका साथै स्थानीय तहको सेवा प्रवाहलाई अझ जिम्मेवार, सक्षम र परिणाममुखी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।"

**अब म आगामी आ.व. मा विनियोजन गरिएका अन्य क्षेत्रहरुको विवरण प्रस्तुत गर्न चाहन्छु।**

१. गाउँपालिकामा क्रियाशिल विभिन्न पक्षहरुको सहकार्य र समन्वयमा विविध कार्यक्रम संचालन गरिने छ । गाउँपालिकाबाट सञ्चालन हुने लगायत अन्य संघ संस्थाहरुका कार्यक्रमहरु अब यस गाउँपालिकाको निर्णय र समन्वय अनुसार सञ्चालन हुनेछन्।
२. अध्यक्ष कप खेलकूद कार्यक्रम तथा राष्ट्रपति खेलकुद कार्यक्रमका लागि आवश्यक वजेट बिनियोजन गरेको छु।

३. निर्माण ब्यवसायीलाई ठेक्का लिएका सम्पुर्ण आयोजनाहरुलाई समयमै सम्पन्न गर्नेका लागि श्रोतको अभाव हुन नदिन संघीय सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।

४. सार्वजनिक सेवा प्रवाहलाई जनताको अधिकारको रुपमा स्थापित गरिनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ। सुशासन कायम गर्न राम्रो र असल कार्य गर्ने कर्मचारीहरुलाई चौमासिक रुपमा प्रोत्साहन गर्ने कार्यक्रमको ब्यवस्था मिलाएको छु।

५. यो बजेट कार्यक्रमले नसमेटेका तथा समेट्न नसकिएका अन्य कार्यक्रमहरुलाई आगामी दिनहरुमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम जनसंख्या, भूगोल लगायत अन्य वर्ण, लिङ्ग, क्षेत्र, समुदायहरु समेतलाई मध्यनजर गर्दै समतामूलक ढङ्गले बिनियोजन गर्दै लगिनेछ।

६. माण्डवी गाउँपालिका गाउँ सभाको २० औँ वजेट अधिवेशनबाट स्वीकृत हुने आर्थिक वर्ष २०८३/०८४ को बजेट अनुसार कार्यक्रम कार्यान्वयन गर्दा कार्यान्वयन गर्न असम्भव भएको तथा बजेट घटवढ भई कार्यक्रम संसोधन गर्नु पर्ने कार्यक्रम संसोधन गर्ने अधिकार गाउँकार्यपालिकालाई प्रत्यायोजन गरिएको छ।

७. हाल यो बजेटको सिलिङमा नपरेका अन्य योजना तथा कार्यक्रमहरुलाई गाउँपालिकाले आफ्नो आन्तरिक स्रोत र विभिन्न बिषयगत कार्यालयहरुबाट पछि प्राप्त हुने स्रोत अनुसार प्राथमिकताको आधारमा बजेट बिनियोजन गर्दै लगिनेछ भने ठूला प्रकृतिका आयोजना कार्यक्रमहरुलाई प्रदेश सरकार तथा केन्द्र सरकार समक्ष स्रोत सुनिश्चितताका लागि अनुरोध गरिने छ।

८. करदाता तथा आम नागरिकका लागि करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ , जनतामा कर तिर्ने बानीको विकास गराइ आन्तरिक आय बढाउने लक्ष्य रहेको छ । यसको लागि जनतामा चेतना अभिवृद्धि गर्दै सूचना तथा प्रचार प्रसार गरि स्वयं करदातालाई नै जागरुक गराउने प्रणालीको विकास गरिनेछ । साथै निर्धारण गरिएका कर शुल्क तथा दस्तुरहरु संकलनको लागि वडास्तरबाटै सूचना प्रविधिको प्रयोग मार्फत सक्रिय रुपमा लागिने छ।

९. “गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका संघ संस्था तथा व्यवसायहरूको कर प्रणालीलाई व्यवस्थित बनाउँदै करदातालाई समयमै दर्ता तथा नवीकरण गर्न प्रोत्साहित गर्ने उद्देश्यले, २०८३ साल असोज मसान्तसम्म नवीकरण नगरेका वा नवीकरणमा ढिलाइका कारण जरिवानामा परेका संघ संस्था तथा व्यवसायहरूलाई लाग्ने जरिवाना रकममा ५० प्रतिशत कर छुट प्रदान गरिने व्यवस्था मिलाइनेछ। यस नीतिबाट कर अनुपालनमा सुधार ल्याउने, करदाताको दायित्वप्रति सचेतना अभिवृद्धि गर्ने तथा स्थानीय राजस्व संकलनलाई दिगो र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

१०. दिगो रोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखेर मिसन रोजगारीः “ सञ्चालन "अभियान -दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धनगरिनेछ। गाउँपालिकाबाट सञ्चालन गरिरहेका कार्यक्रमलाई एकीकृत गर्न तथा स्थानीय आवश्यकता अनुसार रोजगारी सिर्जना र

उद्यमशीलताका नवीन कार्यक्रम संचालन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम संग जोडी 'मिसन रोजगारी अभियानका लागि आवश्यक  बजेट विनियोजन गरेको छु।

११. श्रम बजारको माग, उपलब्ध स्रोत र जनशक्ति, रोजगार प्रवृत्तिको अध्ययन गरी ६ महिनाभित्र गाउँ" रोजगारी रणनीतिनिर्माण गरिनेछ । गाउँपालिकाभित्र रोजगारीको क्षेत्रमा रहेका अवसर तथा " सम्भावनाको पहिचान, समस्याहरूको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरूको विकास गर्न तथा दिगो रोजगारी विकासका लागि स्पष्ट नीतिगत र संरचनागत व्यवस्था गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१२. उद्यमशीलता विकास, लघु तथा घरेलु उद्योग विकासको लागी स्थानीय स्रोत, सीप र सन्दर्भअनुकूल लघु तथा घरेलु उद्योग, स्टार्टअप र नवप्रवर्तनशील उद्यमलाई प्रवर्द्धन गर्न व्यवसायको संवर्धन र उद्यमहरूको द्रुतीकरण मार्फत नवप्रवर्तन, वित्त र प्रविधिमा पहुँच, बजार विस्तार र आम्दानी वृद्धि गरिनेछ। गाउँ नगरपालिकाभित्रको रोजगारीको अवस्था, श्रमिकको अवस्था माग र आपूर्ति, स्थानीय, आन्तरिकविदेश-वाह्य स्वदेशी- श्रमिकको तथ्याङ्क सङ्कलन, श्रम योग्य जनशक्तिको सीप तथा क्षमता नक्सांकन, स्थानीय श्रोत तथा साधनको नक्साङ्कन गरिनेछ। उद्यमीलाई सहजीकरण तथा श्रम शक्ति र रोजगारदातालाई समन्वय गर्न रोजगार तथा उद्यम सेवा केन्द्र संचालन सिप तथा रोजगार मेला सञ्चालनको गरिनेछ। यसका लागि रकम वजेट विनियोजन गरेको छु।

१३. स्थानीय तथा राष्ट्रिय आवश्यकता र श्रम वजारको माग अनुसारको रोजगारमूलक सिप विकास तालिम, अनौपचारिक क्षेत्रका अनुभवयुक्त तर प्रमाणपत्र नभएका श्रमिकहरूको सीपको औपचारिक मान्यता प्रदान गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ।

१४. समग्रमा एकमुष्ट रुपमा तपसिलका विषयगत शाखा, वडा कार्यालय तथा कार्यक्रम तथा योजनाहरुमा निम्म रकम विनियोजन गरेको छु।

| क्र स | विषयगत शाखा/ वडा कार्यालय/ | बजेट रकम रु | |
|---|---|---|---|
| १ | महिला बालबालिका तथा समाज कल्याण ईकाई | १५ लाख | |
| २ | स्वास्थ्य शाखा | ८३ लाख ५० हजार | |
| ३ | कृषि विकास शाखा | ३० लाख ५० हजार | |
| ४ | पशु सेवा शाखा | १७ लाख ५० हजार | |
| ५ | लघु उद्यम विकास शाखा | ८ लाख ९५ हजार | |

| | | | |
|---|---|---|---|
| ६ | पोषण शाखा | ४ लाख ५० हजार | |
| ७ | वन बातावरण तथा विपद व्यवस्थापन शाखा | १५ लाख | |
| ८ | शिक्षा युवा तथा खेलकुद शाखा | २ करोड ४० लाख | |
| ९ | रोजगार आयोजना सञ्चालन गर्न शत प्रतिसत तथा अन्य कार्यक्रमका लागि | २९ लाख ७२ हजार | |
| १० | सवै वडामा योजना तथा कार्यक्रम लागि | १ करोड ७५ लाख | |

गाउँपालिका तर्फका योजनाहरुमा

| सि नं | योजना/कार्यक्रम नाम | रकम रु | अवधी |
|---|---|---|---|
| १ | कुमलटार कोन्द्राचौर मोटरबाटो कालोपत्रे योजना | १००००००० | ३ वर्ष |
| २ | चेरनेटा  चीन मोटरबाटो कालोपत्रे योजना | ३०००००० | ३ वर्ष |
| ३ | स्याउलीघारी सल्लीखर्क मोटरबाटो स्तरोन्नती योजना | २०००००० | ३ वर्ष |
| ४ | जस्पुर डिजिटल प्रतिक्षालय निर्माण | १५००००० | |
| ५ | डाम्रीखोला गणेश मा.वी. सडक कालोपत्रे योजना | २५००००० | ३ वर्ष |
| ६ | मार्सीबाङ एक घर एक धारा योजना | १५००००० | |
| ७ | जस्पुर अपुरो खापा योजना | १०००००० | |
| ८ | मुक्चौर तिल्केनी उदयपुरकोट सडक स्तरोन्नति योजना | १०००००० | |
| ९ | मर्काबाङ गाउँ जाने मोटरबाटो स्तरोन्नति योजना | ५००००० | |
| १० | बेलीपोखरी ठुलीलेक जाने मोटरबाटो स्तरोन्नति योजना | ५००००० | |
| ११ | रम्दि दोन्द्रे खोला तटबन्धन योजना | १०००००० | |
| १२ | उपल्लो सिमलचौर खानेपानी योजना | १०००००० | |
| १३ | स्याउलीघारी खानेपानी योजना | ३००००० | |
| १४ | गाउँपालिका रिङरोड कालोपत्रे योजना | ३५००००० | |
| १५ | तिमीले मोटरबाटो स्तरोन्नति योजना | ५००००० | |
| १६ | सातबीसे पिप्लीखेत सिँचाई योजना | ४००००० | |

अन्त्यमा,

प्रस्तुत बजेटले गाउँपालिकाको संस्थागत सबलीकरण, सेवा प्रवाहमा सुधार तथा सुशासन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउने अपेक्षा गरिएको  छ। भौतिक पूर्वाधार विकासमार्फत विभिन्न क्षेत्रहरूबीचको

अन्तरआवद्धता थप मजबुत भई गाउँपालिकावासीबीच आपसी सहकार्य, सामूहिक भावना तथा सामाजिक एकताको संस्कृतिको विकास हुने विश्वास लिइएको छ । साथै, यसले गाउँपालिकाको समग्र आर्थिक आधारलाई सुदृढ बनाउनेछ ।

कृषि क्षेत्रमा गरिएको लगानी विस्तारले कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै कृषि–आधारित उद्योगहरूको विकासमार्फत थप रोजगारी सिर्जना हुने र खाद्य सुरक्षा तथा आत्मनिर्भरता हासिल गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । पर्यटन तथा औद्योगिक विकासका कार्यक्रमहरूबाट स्थानीय मौलिक सीप, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन हुनुका साथै थप रोजगारी र आय–आर्जनका अवसरहरू विस्तार हुनेछन् ।

सामाजिक क्षेत्रमा गरिएको लगानीबाट दक्ष, सीपयुक्त तथा प्रतिस्पर्धी जनशक्तिको विकास भई समावेशी आर्थिक वृद्धि र समृद्धिको आधार निर्माण हुने विश्वास लिइएको छ ।

बजेटको प्रभावकारी कार्यान्वयनबाट शिक्षाक्षेत्रमा देखिएको निजी शिक्षक अभावको समस्या समाधान भई गुणस्तरीय शिक्षाको सुनिश्चितता हुने आधार तयार हुनेछ । साथै, अस्पताल तथा स्वास्थ्य चौकीहरूको स्तरोन्नति तथा निर्माणमार्फत स्थानीयस्तरमै गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार हुनेछ । चालु आर्थिक वर्षमा सुरु गरिएका क्रमागत तथा अधुरा आयोजनाहरू सम्पन्न भई विकासको निरन्तरता सुनिश्चित हुनेछ। साथै, गाउँपालिकाका प्रमुख पर्यटकीय क्षेत्रहरूको विकास तथा विस्तारमार्फत पालिकालाई आकर्षक पर्यटन गन्तव्यको रूपमा स्थापित गर्न सहयोग पुग्नेछ।

मेरो कार्यकालको पाँचौं बजेट वक्तव्य यस गरिमामय सभामा प्रस्तुत गर्दै उल्लेखित आयोजना तथा तिनका लागि आवश्यक अनुमानित बजेटसम्बन्धी विवरण संक्षेपमा प्रस्तुत गरिसकेको छु । सीमित स्रोतसाधनका बीच जनताका असीमित विकासका आकांक्षा पूरा गर्नु हाम्रो सामु रहेको प्रमुख चुनौती हो। जनतालाई प्रत्यक्ष अनुभूति हुने खालका विकास योजना तथा कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता हो । तसर्थ, यसको सफल कार्यान्वयनमा यहाँहरूको सक्रिय सहभागिता, सल्लाह, सुझाव र मार्गदर्शनको अपेक्षा गर्दछु ।

अन्त्यमा, माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तर्जुमा कार्यमा महत्वपूर्ण पृष्ठपोषण तथा योगदान पुऱ्याउनु हुने गाउँपालिका अध्यक्षज्यू, सम्पूर्ण गाउँसभा सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण कर्मचारी परिवारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।"

**पुर्ण प्रसाद कालाथोकी**
**उपाध्यक्ष**
**माण्डवी गाउँपालिका, जस्पुर प्युठान ।**
**मितिः २०८३/०३/१०**